## वनका...

वर्षमा ९ सय ८७ क्यु.फिट काठ बिक्री भएको देखिएको वन अधिकृत अलाउद्दीनले बताए। उनका अनुसार सखुवा (साल) ४ सय २७ क्यु.फिट, ३ सय क्यु.फिट बोटधयँरो र अन्य प्रजातिको २ सय ६० क्यु.फिट काठ बिक्री गरेका थिए। 'गलत मनसायले काठ बिक्री गरेको र सामुदायिक वनको आर्थिक अनियमितता गरेको देखिन्छ । कार्यसमितिमा निर्णय नगराई काठ मनोमानी ढङ्गले बेचेको देखिन्छ'-अधिकृत अलाउद्दीनले भने।

छानबिन प्रतिवेदन डिभिजन वन कार्यालय मोरङमा बुझाएपछि अनुसन्धान अधिकृत तोकिएको छ । डिभिजन वन कार्यालयले सव-डिभिजन वन कार्यालय बेलबारीका वन अधिकृत दीपेश मिश्रालाई अनुसन्धान अधिकृतको जिम्मेवारी मङ्गलबार दिएको हो। अनुसन्धानपछि मोरङ अदालतमा अभियोग लैजाने तयारीमा डिभिजन वन कार्यालय रहेको छ । 'जिल्ला सरकारी वकिलको कार्यालयसँग राय लिने काम पनि भइरहेको छ' डिभिजन वन कार्यालय मोरङका डिभिजन वन अधिकृत घिमिरेले भने, 'अनुसन्धानपछि अभियोजन बनाएर सरकारी वकिलको कार्यालयमार्फत् अदालतमा अभियोग लैजानेछौं ।' अनियमितताको आरोप लागेका लिम्बूलाई डिभिजन वन कार्यालयले हाजिर जमनतमा राखेको छ । उनी विरुद्ध वन पैदावर अनियमितता गरेको कसूरमा अदालतमा अभियोग लैजाने तयारी गरिएको छ।

## अझै...

भने । उजुरीकर्ताहरूका अनुसार आरोपीहरू भोजपुर जिल्लामा निर्वाध घुमिरहेको र आफूहरूलाई फोन गरेर ज्यान मार्ने धम्की दिने गरेको दाबी गरेका छन् । त्यसका लागि उपभोक्ताहरूले सुरक्षाको मागसमेत गरेका छन् । वैशाख महिनादेखि नै गैरकानूनी रूपमा रुख कटान गरी वडानम्बर ८ को आराङ्गाको घाटगद्दीमा राखिएको अवस्थामा फेला पारिएको थियो । यस्तै सोही वनक्षेत्रमा लुकाएर राखेको साल र चिलाउने जातको करिब ११ सय क्यु.फिट काठ बरामद गरिएको जिल्ला वन गाईघाटका अधिकृत राजकुमार श्रेष्ठले बताएका थिए।

वन कार्यलयले तीन चरणमा गरी वन क्षेत्रबाट काठ बरामद गरेको थियो । बरामद काठमा आराङ्ग गाउँको खोल्सीमा लुकाएर राखेको ६ सय १० घनफिट चिलाउने र साल जातको ७९ थान गोलिया काठ रहेका छन् भने चिरानी गरिएको सालको सय क्युविक फिट र हराएको भनिएको ३ सय १५ क्युविक फिट काठ बरामद गरिएको वन अधिकृत श्रेष्ठले बताएका थिए। पक्राउ नगरिएको विषयमा बुझ्दा वन अधिकृत श्रेष्ठले प्रहरीसँग जस्तो वनसँग संयन्त्र नभएको भन्दै पन्छिए । उनले जिल्ला प्रहरी कार्यालयसँग आवश्यक समन्वय गरी कर्मचारी परिचालित गरी सकिएको बताए । श्रेष्ठले उपभोक्ताहरूको सुरक्षाका लागि जिल्ला प्रशासन र प्रहरीलाई जानकारीसमेत गराइएको बताए।

## सडक...

दिए।

घटनामा सोही स्थानकी सुजिता चौधरी, उनको छोरा विवेक चौधरी, रञ्जुदेवी चौधरी, रतुवामाई नगरपालिका-१० का रिकेश न्यौपाने, उर्लाबारी नगरपालिका-१० का मुना साह घाइते भएको प्रहरीले जनाएको छ। घाइतेमध्ये अधिकांशको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । घाइतेहरूको बिर्तामोडस्थित विभिन्न अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न ट्रक चालक फरार रहेको तथा ट्रक र कार प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

## मन्त्री...

बताए । 'गोलाप्रथाबाट बेन्च तोकिनेछ' उनले भने, 'त्यसपछि कुन न्यायाधीशको इजलासमा सुनुवाइ पेसी जान्छ बुधबार नै थाहा हुन्छ।' मन्त्री राजभण्डारीको 'न्यायाधीशले पैसा खाएर स्टेअर्डर दिएको' भन्ने अभिव्यक्तिले अदालतको अवहेलना भएको अधिवक्ता घिमिरे र रजिष्ट्रार थपलियाको तर्क छ।

विराटनगरस्थित शिक्षादीप कलेजको सम्मान कार्यक्रममा १० असारमा बोल्दै मन्त्री राजभण्डारीले उच्च अदालतले प्रदेश खेलकुद विकास बोर्डका सदस्य-सचिवले पैसा दिएकै भरमा न्यायाधीशले आदेश गरेको गम्भीर आरोप लगाएका थिए । उनको अभिव्यक्ति नेपालको संविधानको धारा १३६ न्याय प्रशासन २०७३ को दफा १७ बमोजिम अदालतको अपहेलनाको बनेको जाहेरीमा उल्लेख छ । निवेदनमा मन्त्री राजभण्डारीले अदालतको अपहेलना गरेकोले न्याय प्रशासन ऐन २०७५ को दफा १७(२) बमोजिमको कसूर भएकोले १ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना गर्न माग गरिएको छ । यसअघि उच्च अदालत बारले आफ्नो संवैधानिक अप्रमाणित र गैरजिम्मेवार अभिव्यक्ति दिँदै जनतामा न्यायालयप्रति भ्रम सिर्जना गरिने काम मन्त्रीले गरेको भन्दै आपत्ति जनाएको थियो । कोशी प्रदेश सरकारको गत जेठ ३ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश खेलकुद विकास बोर्डका सदस्य-सचिव हंसराज वाग्लेलाई बर्खास्त गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध भोलिपल्टै वाग्लेले उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए। उच्च अदालतका न्यायाधीश कृष्णकमल अधिकारीको इजलासले प्रदेश सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न जेठ ५ गते अन्तरिम आदेश दिएको थियो।

## धरानमा...

काम नै नगरेको भन्ने होइन। काम गरिरहेका छौँ। डेङ्गु नियन्त्रण गर्न लार्भा नष्ट नै प्रभावकारी उपाय हो । तर, जनमानसमा 'फगिङ' नगरेकाले काम नै गरेन भन्ने बुझाइ छ।'

स्वास्थ्य निर्देशनालय कोशी प्रदेशमा पनि डेङ्गु नियन्त्रण गर्न सहयोग माग गरेको उनले बताए। मेहेताले भने, 'निरीक्षण, नियन्त्रण र अनुगमनका लागि स्वास्थ्य निर्देशनालयको टोली आउँदैछ ।' यस्तै इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा काठमाडौंलाई पनि पत्राचार गरेर डेङ्गु परीक्षणका लागि ६ हजार किट माग गरेका छौं । किट आएपछि स्याम्पलिङ गरेर नियन्त्रणको पहल गर्ने प्रमुख मेहेताले बताए । धरान-१७ मा डेङ्गुकै कारणले एक जनाको मृत्यु भएको भन्ने खबर बाहिरिएको थियो। तर, महाशाखा प्रमुख मेहेताले भने, 'डिस्चार्ज पेपरमा मृत्युको कारण डेङ्गु लेखिएको छैन ।'

**डेङ्गुको लक्षण**

महाशाखा प्रमुख मेहेताका अनुसार डेङ्गुको प्रमुख लक्षण एक्कासि ज्वरो हो । ज्वरो हप्तादिनसम्म रहन सक्छ । यस्तै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्नु, ढाड, जोर्नी तथा मांसपेशीहरू दुख्नु, वाक्वाकी लाग्नु, पेट दुख्नुलगायतका लक्षण देखा पर्दछ।

**बच्ने उपाय**

लामखुट्टेको टोकाइबाट हुने यो रोग नियन्त्रण गर्न लामखुट्टेको लार्भा नष्ट गर्न 'सर्च एण्ड डिष्ट्रोय' गर्नुपर्ने मेहेता बताउँछन् । उनी भन्छन्, 'सर्च एण्ड डिष्ट्रोय' प्राइमरी उपाय हो । फगिङ सेकेण्डरी हो ।' पानी तीन दिनभन्दा बढी भण्डारण गरी राख्न हुँदैन। बिहान घाम झुल्किने र अस्ताउने बेलामा डेङ्गु सार्ने लामखुट्टे सक्रिय हुने भएकाले शरीर पूरा ढाक्ने गरी लुगा लगाउन उनी सुझाव दिन्छन् । डेङ्गुबाट बच्नका लागि घर आसपास, टोल छेउछाउ पानी जम्न दिनु हुँदैन । पानी भण्डारण गरिएको भाँडावर्तन खुला छाड्नु हुँदैन । भान्सा र बाथरुमलाई सुख्खा राख्नुपर्छ। झ्याल, ढोकामा जाली लगाउनु पर्छ।

# एघार दिनपछि मेची राजमार्ग सञ्चालन

पाँचथर *(ब्लाष्ट)*
मेची राजमार्गअन्तर्गत पाँचथर-ताप्लेजुङस्थित हैँवा खोलामा अस्थायी रूपमा यातायात सञ्चालनमा आएको छ।

एघार दिनको लामो प्रयासपछि ह्युमपाइप लगाएर मेची राजमार्गको फिदिम-ताप्लेजुङ सडक-खण्ड सञ्चालन गरिएको हो। यही असार २ गते आएको बाढीले हैँवा खोलाको पुल बगाएपछि मेची राजमार्गको फिदिम-ताप्लेजुङ सडक-खण्ड अवरुद्ध भएको थियो। यातायात सञ्चालन गर्न विभिन्न वैकल्पिक उपायको रूपमा सडक डिभिजन कार्यालय इलामका प्राविधिक, कामदार, स्थानीय, सुरक्षाकर्मीको सहकार्यमा तीनदिनअघि सुरु गरिएको डाइभर्सन राख्ने काम सफल भएसँगै मङ्गलबार दिउँसोबाट सवारी र ढुवानीका साधन वारपार गर्न थालेका हुन्। खोलामा १६ वटा ह्युमपाइप राखेर डाइभर्सन गरिएको सडक डिभिजन कार्यालय इलामका प्रमुख विदुर पोखरेलले बताए। खोलाले पुल बगाएपछि जिल्लाको हिलिहाङ, याङ्वरक र फालेलुङ गाउँपालिकासँगै




# तुलसी सहकारीका अध्यक्ष भारतबाट पक्राउ

विराटनगर *(ब्लाष्ट)*
विराटनगर महानगरपालिका-३ मा मुख्य कार्यालय रहेको तुलसी बहुउद्देश्यीय सहकारीका अध्यक्ष केदारनाथ शर्मा पक्राउ परेका छन्। शर्मालाई सिआइबीको टोलीले भारतबाट पक्राउ गरेर काठमाडौँ ल्याएको हो।

शर्माले तुलसी सहकारीका बचतकर्ताको १ अर्ब ४५ करोड रुपैयाँ हिनामिना गरेको आरोप छ। उनै शर्मा शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका पनि पूर्वअध्यक्ष हुन् । उनीमाथि शिवशिखर सहकारीका निक्षेपकर्ताहरूले १४ अर्ब रुपैयाँभन्दा बढी रकम हिनामिना गरेको आरोप लगाएका छन् । शर्मालाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले मङ्गलबार भारतबाट पक्राउ गरेको हो । जम्मा गरेको रकम फिर्ता नपाएपछि निक्षेपकर्ताहरूले सहकारी विभाग र प्रहरीमा उजुरी दिएका थिए । उजुरीकै आधारमा फरार रहेका शर्मा पक्राउ परेका हुन् । शिवशिखर सहकारीबाट करिब १ लाख पीडित रहेको बताइएको छ। यता तुलसी सहकारीबाट पनि ५ हजारभन्दा बढी निक्षेपकर्ता पीडित बनेका छन्।

सहकारीका अध्यक्ष शर्मासहित ८ जना सञ्चालकविरुद्ध मोरङ अदालतमा ठगी मुद्दा दर्ता गराएको थियो । शर्मा फरार थिए । ठगी मुद्दामा पक्राउ परेका प्रबन्धक मन्दिप खवाससहित सहकारीका उपाध्यक्ष अनिता गौतम र सचिव सविना न्यौपाने अहिले पुर्पक्षका लागि थुनामा छन् । तुलसी सहकारीले विराटनगर शाखाबाट मात्र ६७ करोड ७६ लाख २१ हजार २ सय ६८ रुपैयाँ हिनामिना गरेको मोरङ प्रहरीको अनुसन्धानबाट खुलेको छ । जसमध्ये मोरङ प्रहरीमा १ हजार ३ सय ७ जनाले दिएको उजुरीको आधारमा मात्र ५० करोड ८८ लाख ७८ हजार ७ सय २८ रुपैयाँ ठगी गरेको देखिएको छ । अध्यक्ष शर्माले १६ करोड ९७ लाख ४२ हजार ५ सय ४० रुपैयाँ सहकारीको श्रेस्तामा नै नचढाई हिनामिना गरेको अभियोग पत्रमा उल्लेख छ। अनुसन्धानको क्रममा उनले ३३ वटा निजी कम्पनी र जग्गामा लगानी गरेको पाइएको छ। मोरङ प्रहरीले गरेको अनुसन्धान र लेखा परीक्षण प्रतिवेदनअनुसार शर्माले सहकारीको करोडौं रुपैयाँ दुरुपयोग गरी सहकारीको मूल्यमान्यता र सिद्धान्तलाई लत्याएर आफ्नो निजी कम्पनी र जग्गामा लगानी गरेको पाइएको हो। उनले निजी खाद्यान्न, मोटर, इलेक्ट्रिक, चिउरा मिल, जुत्तादेखि मिडिया कम्पनीमा पनि लगानी गरेको अनुसन्धानबाट खुलेको छ।

# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### ब्याङ्गडाडा, झापा, कोशी प्रदेश, नेपाल

*प्रथम पटक प्रकाशित मिति २०८०-०३-१३*

## शिवगंज प्राथमिक स्वास्थ्य केन्द्र, शिवगंजको स्वास्थ्य बीमाको फार्मेसी संचालन सम्बन्धी बोलपत्र प्रस्ताव आहवान सूचना

**सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ को दफा २१ बमोजिम आ.ब. २०८०/०८१ को लागि न्युनतम ठेक्का अंक भ्याट सहित ३०,११,०००।- (तीस लाख एघार मात्र) र आ.ब. २०८१/०८२ को लागि ठेक्का कबोल अंकको थप १०(दश) प्रतिशत कायम गरी २ आ.ब. को लागि फार्मेसी संचालन ठेक्का बन्दोबस्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।**

### ठेक्का सम्बन्धी विवरण:

१. इच्छुक योग्यता पुगेका बोलपत्र दाताहरुवाट सूचना प्रकाशन मितिले ३१औं दिन (मिती २०८०/०४/१४ गते सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी रु. ३,०००।- (तीन हजार मात्र) शिवसताक्षी नगरपालिका कार्यालयको आन्तरिक राजश्व खाता नं. ग१-१ २९६०१४००००००१७ मा जम्मा गरी सो को सक्कल भौचरका साथ संस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थाई लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाण-पत्र, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि बोलपत्र यस कार्यालयवाट खरिद गर्न सकिने छ ।

२. आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलब्ध गराएको फाराममा अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलबन्दी बोलपत्र सूचना प्रकाशन भएको मितिले ३१औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० खोलिने छ ।

३. बोलपत्र प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा खरिद दर्ता र खोलिने छ ।

४. बोलपत्रका साथ आफुले कबोल गरेको अंकको ३ प्रतिशत रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि, शिवसताक्षी शाखामा रहेको धरौटी खाता नं. २९६०१४०००००००४८ ग ३.१ मा नगदै जम्मा गरेको सक्कलै भौचर बोलपत्रका साथ पेश गर्नु पर्नेछ । उक्त धरौटी रकम ठेक्का वन्दोवस्त समाप्त नहुन्जेल सम्म कायम राख्ने गरीको व्यवस्था गर्नु पर्नेछ ।

५. कबोल अंकको रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइने छ ।

६. किस्ताबन्दी रुपमा रकम बुझाउने भए कबोल अंकको ५० प्रतिशत पहिलो किस्ता वापत रकम सम्झौता गर्न अगावै बुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकम ठेक्का सम्झौता भएको ३ महिना भित्र अनिवार्य बुझाउनु पर्नेछ ।

७. सम्पूर्ण रकम एक मुष्ट नबुझाएमा बोलपत्रदाताले ठेक्का सम्झौता गर्न आउँदा कति रकम बुझाउन बाँकी रहन्छ सो बराबरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको यस नगरपालिकाको नाममा जारी भएको विड बण्ड (बैंक ग्यारेण्टी) सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

८. फार्मेसी ठेक्का कबोल गर्नेले बील दावी गर्न आवश्यक पर्ने एक जना कर्मचारी (कम्प्यूटर जान्ने) स्वयंले व्यवस्था गर्नु पर्नेछ ।

९. बोलपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

१०. मिति २०८१ आषाढ मसान्त भित्र आ.ब.२०८१/०८२ को लागि कबोल अंकको १० (दश) प्रतिशत थप गरी ठेक्का नविकरण गर्नु पर्नेछ ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम ठेक्का अंक भ्याट सहित | बोलपत्र फाराम दस्तुर | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | १/०८१/८२ | शिवगंज प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य बीमा फार्मेसी | रु.३०,११,०००।- (अक्षरेपी तीस लाख एघार हजार मात्र भ्याट सहितको रकम) | ३,०००।- | २०८०/०४/११ गते दिनको १२:०० बजे भित्र | २०८०/०४/१२ गते दिनको २:०० बजे | न्युनतम कबोल अंकको ३ प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत





































पूर्व क्षितिज प्रकाशन प्रालिद्वारा प्रकाशित अध्यक्षः डिल्ली सुब्बा कन्दङ्वा, प्रबन्ध निर्देशक/सम्पादकः किशोरकुमार कार्की, प्रधान सम्पादकः राजकुमार कार्की, प्रमुख सञ्चालन अधिकृतः दिपेन्द्र कार्की, कार्यकारी सम्पादकः भोजराज श्रेष्ठ, मुद्रण प्रमुखः प्रवीनकुमार कार्की, ब्लाष्ट छापाखाना
प्रधान कार्यालयः ०२५-५२५४५८, ५३३४३५, विज्ञापन ०२५५३३४१४, फ्याक्स ०२५५२८४५८, इटहरीः ५८१४४५, बिराटनगरः ०२१-५९००९०, धनकुटाः ०२६-५२३७९४ इमेलः blastdesk@gmail.com, advtblast@gmail.com वेबसाइटः www.blastkhabar.com